# आ. व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा कार्यक्रममा विजयनगर गाउँपालिकाको तर्फबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन




मिति: २०८२/०४/२७

# परिचय

**क्षेत्रफल:** १७३.१९ वर्ग कि.मि.मा फैलिएको

**वडा संख्या:** ७


**कुल जनसंख्या:** ४३,४४० (२०७८ सालको जनगणना अनुसार)

**बेवसाइट:** https://bijaynagarmun.gov.np

**सदरमुकाम देखिको दुरी:** ३८ कि.मि.

**क्षेत्र:** पूर्वमा शिवराज नगरपालिका, दक्षिणमा कृष्णनगर नगरपालिका, पश्चिममा दाङ्ग जिल्ला र छिमेकी मुलुक भारत र उत्तरमा दाङ्ग जिल्ला रहेको

**उचाई:** समुद्री सतहदेखि करिव १२० मिटर उचाइमा रहेको।



# आ.व. २०८१।०८२ को प्रगति विवरण

- **वित्तिय प्रगति**

| क्र.सं. | विवरण | कुल आम्दानी रकम | कुल खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकारबाट प्राप्त अनुदान/बजेट | ४९,१६,५३,८४४.५ | ४६,५०,७४,६५४.८७ | ९४.६ % | ससर्त, समानिकरण, समपूरक,विशेष र राजश्व बाँडफाँट |
| २ | प्रदेश सरकारबाट प्राप्त अनुदान/बजेट | २,९६,५३,९७३.७९ | २,२३,०३,३६८.८३ | ७५.२ % | ससर्त, समानिकरण, समपूरक,विशेष र राजश्व बाँडफाँट |
| ३ | आन्तरीक आय | ५,६६,८०,७९६.९४ | ४,९६,४९,५५४.५ | ८७.६ % | |
| कुल जम्मा | | ५७,७९,८८,६१५.२३ | ५३,७०,२७,५७८.२ | ९२.९ % | वास्तविक बजेटमा आधारित |
| **विषयक्षेत्रगत अनुसार छुट्याईएको बजेट** | | **कुल रकम** | **कुल खर्च रकम** | **खर्च प्रतिशत** | **कैफियत** |
| १ | आर्थिक विकास | ५,२६,३३,००० | १,७८,४२,२३२.५ | ३३.९ % | |
| २ | सामाजिक विकास | १८,५२,५४,५०० | १५,४२,८४,१००.६३ | ८३.३ % | |
| ३ | पूर्वाधार विकास | १९,०३,३३,४०८.६५ | १५,५०,४६,२३०.३५ | ८१.४ % | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३६,२८,००० | १,१३,३६,५५७ | ८३.२ % | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१,५०,३९,५०० | १९,८५,१८,४५७.७२ | ९२.३ % | |
| कुल जम्मा | | ६५,६८,८८,४०८.६५ | ५३,७०,२७,५७८.२० | ८१.७ % | अनुमानित बजेटमा आधारित |

# भौतिक प्रगति

| क्र.सं. | विवरण | कि.मी./ संख्या | कैफियत |
|---|---|---|---|
| १ | सडक (पक्की) | ३.९४ कि.मी. | पि.सि.सि./आर.सि.सि./कालोपत्रे |
| २ | पेभिङ् ब्लक | २८३५.८ वर्ग मी. | |
| ३ | कच्ची (ग्राभेल) | १२.५९ कि.मी. | |
| ४ | खानेपानी योजना | ३ वटा | पालिका र सेचेन करुणाको साझेदारी |
| ५ | शिक्षा (विद्यालय भवन) | ११ वटा | नयाँ भवन निर्माण तथा मर्मत संभार |
| ६ | सिंचाई | ४ वटा | २.२ कि.मि. कच्चि नहर मर्मत, ३ वटा ताल पोखरी मर्मत र १ वटा लिफ्ट सिंचाई योजना |
| ७ | स्वास्थ्य सेवा (अस्पताल निर्सिङ, स्वास्थ्य चौकी) | ४ वटा | ३ वटा स्वास्थ्य चौकी भवन मर्मत तथा १ खोपकेन्द्र निर्माण |
| ८ | दमकल/एम्बुलेन्सको संख्या | १ वटा | आ.व. २०७६।०७७ देखि १ वटा एम्बुलेन्स सञ्चालनमा रहेको, गाउँपालिकाको आफ्नै दमकल उपलब्ध नभएकोले छिमेकी पालिकाहरुसँगको समन्वयमा दमकल सेवा सञ्चालन गर्ने गरिएको । |

# ▪ योजना/कार्यक्रमको संख्यात्मक विवरण

| क्र.सं. | विवरण | लक्ष्य (संख्या) | प्रगति |
|---|---|---|---|
| १ | ५ लाख वा सो भन्दा साना योजना | ३५५ | २५९ |
| २ | १० लाख सम्मका योजना | ७१ | ६७ |
| ३ | १० लाख भन्दा बढी ५० लाख सम्मको | ५६ | ४४ |
| ४ | ५० लाख भन्दा बढीका योजना | १६ | १६ |
| जम्मा | | ४९८ | ३८६ |

# सामाजिक सुरक्षा भत्ता विवरण

| क्र.सं. | बितरण बिबरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | २,१८९ | २,६०,६८,०९६ | आ.व. २०८१/०८२ को चौथो त्रैमासिकको लाभग्राही संख्यालाई आधार मानिएको, एकल महिला (६० वर्ष माथि) लाइ अपुग भएको रकम रु. ११,८९,०२०।– माग गरिएको । |
| २ | असहाय एकल महिला | १४९ | ११,८९,०२० | |
| ३ | दलित | २५८ | २०,२९,५८० | |
| ४ | विधवा | ५४६ | ४३,३३,१४० | |
| ५ | पूर्ण अशक्त अपाङ्गता | ४३ | ५,१४,७१० | |
| ६ | अति अशक्त अपाङ्गता | ११५ | ४,३२,०३२ | |
| ७ | लोपोन्मुख | ५ | ५९,८५० | |
| ८ | ५ बर्ष सम्मका बालबालिका | ४,१७७ | ६३,६५,८०७ | |
| जम्मा | | ७,४७९ | ४,१२,९५,२३५ | |

# भवन तथा पूर्वाधार

| क्र.सं. | भवनको विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | केन्द्रको प्रशासकीय भवनको अवस्था | साबिकका ससाना सार्वजनिक भवनहरुलाई प्रयोग गरि सञ्चालनमा रहेको | जि.स.स. सँगको लागत साझेदारीमा गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि ठेक्का सम्झौता भई कार्यान्वयनको चरणमा रहेको |
| २ | वडा कार्यालय भवनको अवस्था | ७ वटै वडा कार्यालय आफ्नै प्रशासकीय भवनबाट सञ्चालनमा रहेको | |
| ३ | सभाहल वा अन्य भवनको अवस्था | सभा हल आर्थिक बर्ष २०७६/०७७ मा निर्माण भई सञ्चालनमा रहेको | |

- सामाजिक विकासका सूचकहरुको अवस्था

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १ | बालमैत्री स्थानीय शासनको अवस्था | वि.सं. २०८४ साल बैशाख भित्र बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्ने गरी आवश्यक तयारी अघि बढाईएको |
| २ | पूर्णखोप, पूर्ण साक्षर घोषणाको अवस्था | पूर्णखोपयुक्त र साक्षर गाउँपालिका घोषणा भई दिगोपनाका कार्यहरु भइरहेको |
| ३ | फोहर मैला व्यवस्थापनको अवस्था | सबै स्वास्थ्य संस्थाहरुमा तीन रंगको मापदण्डानुसार डस्टविनको व्यवस्था र बर्थिङ्ग सेन्टरमा प्लेसिन्टा पिटको ब्यवस्था गरिएको, फोहरमैला व्यवस्थापन रणनीति तथा कार्ययोजना, २०८१ निर्माण भएको |
| ४ | वातावरणमैत्री स्थानीय शासन लागु भए/ नभएको | वातावरण व्यवस्थापन नीति, रणनीति तथा कार्ययोजना निर्माण भएको |
| ५ | छाडा पशु व्यवस्थापनको अवस्था | अन्य छिमेकी स्थानीय तहहरुसँग सहकार्यको प्रयास भईरहेको |

- # जनशक्तिको विवरण

| क्र.सं. | विवरण | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | प्रशासनिक कर्मचारी | २० | १८ | २ |
| २ | प्राविधिक कर्मचारी | ३५ | ३५ | ० |
| ३ | अस्थायी/करार | - | ९१ | - |

# न्यायिक समितिको प्रगति विवरण

| क्र.सं. | उजुरी(प्रकृति/प्रकार) | उजुरी दर्ता संख्या | फर्छयौट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | इज्जत आमद अनुसार खान लगाउन नदिएको | ७ | ७ | |
| २ | नावालक छोरा/छोरीको पालन पोषण तथा शिक्षा दिक्षा | १ | १ | |
| ३ | बाटो निकास सम्वन्धि उजुरी | २ | १ | |
| ४ | घर जग्गा विवाद सम्वन्धि उजुरी | २५ | १८ | |
| ५ | गाली वेइज्जती | २ | २ | |
| ६ | वाली नोक्सानी सम्वन्धी | १ | १ | |
| ७ | कुलो नाली/पानी निकास सम्वन्धी | २ | १ | |
| ८ | फोहोर मैला सम्वन्धी | ३ | ३ | |
| ९ | ज्याला मजुरी सम्वन्धी | ५ | ५ | |
| १० | अन्य | ८ | ४ | |
| जम्मा | | ५६ | ४३ | |

- ऐन कानून निर्माण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | १८ |
| २ | नियमावली | ५ |
| ३ | कार्यविधि | ३२ |
| ४ | निर्देशिका | ७ |
| ५ | नीति/मापदण्डहरु | २४ |

- # विपद व्यवस्थापन सम्बन्धी भएको कार्यहरु

- **कानून/कार्यविधि/मापदण्ड**

१. विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०७६

२. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना

३. स्थानीय विपद तथा जलवायु उत्थानशील योजना

४. विपद संवेदनशिल सामाजिक सुरक्षा योजना, २०७९-०८२

५. स्थानीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९

६. विपद जोखिम न्यूनिकरण स्थानीय रणनीतिक कार्ययोजना, २०२२-३०

- **कार्यहरु:-** विपद व्यवस्थापन कोष सञ्चालनमा रहेको, शितलहरबाट प्रभावित नागरिकलाई करिब १ लाख ९४ हजार बराबरको काठ/दाउरा वितरण गरिएको, आगलागिबाट प्रभावित २८ घरधुरीका लागि करिब १ लाख ३६ हजार बराबरको खाद्यान्न तथा करिब १६ लाख ६४ हजार बराबरको जस्तापाता र पाइप वितरण गरिएको।

- गत आ.व.(२०८०/०८१) को बेरुजु विवरण कुल

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाण पेश नभएको | जम्मा |
|---|---|---|---|
| ३८,४८,७५१ | १,७०,३७,९५४ | ३०,९०,०४५ | २,४५,३८,६०० |

- आ.व. २०८०-०८१ को वार्षिक लेखापरिक्षण प्रतिवेदनबाट असूल उपर गर्नुपर्ने गरी उल्लेख भएको बेरुजु मध्ये रु. २२ लाख असूल गरी दाखिला गराईएको ।

## ▪ आ.व. २०८१/०८२ मा भए गरेका अनुकरणीय कार्यहरु

- १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न भई २ जना मेडिकल अधिकृत र अन्य आवश्यक जनशक्तिहरुको पदपूर्ति गरी नियमित सेवा प्रवाह भई रहेको,
- गाउँपालिकालाई पूर्ण सरसफाइ तथा स्वच्छतायुक्त तुल्याउन गाउँपालिका अन्तर्गतका ७ वटै वडामा **"स्वच्छ विजयनगरः सभ्य विजयनगर"** अभियान सञ्चालन गरिएको,
- गाउँपालिका भित्रका गर्भवती, सुत्केरी, अति अशक्त अपाङ्गता भएका तथा असहाय व्यक्तिलाई निशुल्क एम्बुलेन्स सुविधा उपलब्ध गराइएको,
- गाउँपालिकाबाट हुने सबै प्रकारका भुक्तानी कार्यलाई पूर्ण रुपमा EFT मार्फत गर्ने गरिएको,
- छोरीप्रतिको हेय मानसिकतामा परिवर्तनका लागि छोरी बचाउँ छोरी पढाउँ अभियान सञ्चालनबाट हालसम्म २९४ (आ.व. २०८१/८२ मा ७४) जना छोरीको बैंक खातामा जनही रु. १५,०००।– जम्मा गरिएको,
- कक्षा ११/१२ मा अध्ययनरत ४७ जना दलित छात्रछात्रालाई पूर्ण छात्रवृत्ति प्रदान गरिएको,
- सडक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिई गाउँपालिका केन्द्र र सम्पूर्ण वडा केन्द्रलाई हिलो र धुलोमुक्त सडक संजालबाट जोडिएको,

## प्रमुख चुनौती र समस्या

- १५ शैयाको आधारभूत सेवा अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गरी गाउँपालिका भित्रै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित मार्फत स्वास्थ्य क्षेत्रका सूचकहरु (मातृ तथा शिशु मृत्युदर, पोषण, विमामा पहुँच)मा उल्लेख्य सुधार गर्नु,
- वहुजातिय, वहुभाषिक एवं वहुधर्म सम्प्रदायका नागरिकको बसोवास रहेको गाउँपालिकाको संवेदनशिल विविधताको समुचित व्यवस्थापन गर्नु,
- सिमित स्रोत साधनबाट असिमित जनअपेक्षा सम्बोधन गर्दै समृद्ध गाउँपालिका निर्माणको आकांक्षा पुरा गर्नु,
- स्थानीय शासनलाई सवल, सक्षम एवं औचित्यपूर्ण तुल्याउन आवश्यक ऐन कानूनको निर्माण तथा निर्मित कानूनहरुको चुस्त कार्यान्वयन गर्नु,
- राजस्वका स्रोतहरुको पहिचान गरी करको दायरामा ल्याई कम्तिमा गाउँपालिकाको प्रशासनीक खर्च थेग्ने गरी दिगो आन्तरिक स्रोतको जोहो गर्नु,

## ▪ प्रमुख चुनौती र समस्या

- गाउँपालिकाबाट असल नियतका साथ सम्पादित कार्यहरुमा समेत  अनावश्यक मुद्दामामिलाहरुको झमेला रहनु,
- सूचनाको हकको प्रचलनका नाममा अनावश्यक सूचना (*जस्तै कार्यालय स्थापना देखि हाल सम्म...शिर्षकमा विनियोजित रकम, के कुन योजना कार्यक्रममा खर्च भएको हो सो सम्बन्धी सम्पूर्ण विवरण विल भरपाइ समेत*) माग गरी दुख दिने प्रवृत्ति,
- नागरिकको शैक्षिक एवं चेतनाको स्तर न्यून रहेबाट आसातित सकारात्मक र रचनात्मक सहयोग र सहभागिता प्राप्त नहुनु,
- छिमेकी मुलुक भारतसँगको खुला सिमानाका कारण अधिक सुरक्षा संवेशनतिला रहनु,
- विद्यालय उमेरका सम्पूर्ण बालबालिहरुको गुणस्तरीय, व्यवहारिक एवम् समय सापेक्ष शिक्षामा पहुँच सुनिस्चित गरि दक्ष, नैतिकवान एवं बजारमा बिक्नसक्ने प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि सामुदायिक तथा धार्मिक विद्यालयलाई न्यूनतम पूर्वाधार (भवन, प्रविधि, विद्यार्थिको अनुपातमा शिक्षक कर्मचारीको उपलब्धता ) युक्त तुल्याई मापनयोग्य सुधार गर्नु,

## ▪ प्रदेश वा सङ्घीय सरकार सँगको अपेक्षा

- स्थानीय सरकारको रुपमा संविधानले प्रत्याभूत गरेका एकल अधिकारको कार्यान्वनको सवालमा स्थानीय तहलाई थप सक्षम तुल्याई सङ्घीयतालाई सफलीभूत पार्ने आवश्यक सहयोग प्राप्त गर्ने,
- संविधानले परिकल्पना गरेको **सहकार्य, समन्वय र सहअस्तित्व**को मर्मानुरुप तीनै तहका सरकार क्रियाशिल हुनुपर्ने र परिवर्तित शासकीय व्यवस्था अनुरुप स्थानीय तहलाई व्यवहार गर्नु पर्ने,
- माथिल्लो सरकारबाट स्थानीय तहलाई प्राप्त हुने वित्तिय हस्तान्तरणलाई वैज्ञानिक र यथार्थपरक तुल्याई प्रतिवद्धता बमोजिमको रकम तोकिए बमोजिमको समयसिमाभित्र अनिवार्य प्राप्त हुने व्यवस्था मिलाउनुपर्ने,
- साना टुक्रे योजना/कार्यक्रममा बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गरी कम्तिमा २० लाख रकम सम्मका योजनाहरु स्थानीय तहमार्फत सञ्चालन हुनेगरी अनिवार्य गर्ने,
- माथिल्लो सरकारबाट अत्यावश्यक कानून निर्माणमा ढिलाई भएबाट स्थानीय सेवा प्रवाह प्रभावित भइरहेको सन्दर्भमा त्यस्ता ऐन कानूनहरु शिघ्र निर्माण गर्नुपर्ने,
- संघीय तथा प्रदेस सरकारबाट निर्माण हुने योजना/कार्यक्रमलाई निर्धारित समय र गुणस्तरमा सम्पन्न हुने अवस्थाको सुनिस्चितताका लागि अन्तरनिकाय समन्वयलाई चुस्त पार्ने (उर्जाले उद्घाटन गर्ने वनले रोक्ने जस्ता कार्य रोक्ने),


झुलनिया देउपुरा ईमिलिखर्क विजयनगर सडक कालोपत्रे



छुटपाटी थरौली बनखेत नयाँबस्ती जवाबैराठ सडक स्तरोन्नती तथा कालोपत्रे


ARMY
बुद्धनगर सामुदायिक भवन व्यवस्थापन तथा वाउण्ड्री वाल
निर्माण



भगिरामपुर अधुरो गुम्बा निर्माण विजयनगर १



प्रेमनगर दुर्गा मन्दिर निर्माण


बनखेतमा चर्च निर्माण



गणेशपुर ढोडरी खुरुहुरिया प्रेमनगर सडक स्तरोन्नती



# विद्यालय भवन निर्माण


SHREE NEPAL TARA SECONDARY SCHOOL
WEL
COME
नमस्ते
नमस्ते
विद्यालयमा गेट निर्माण


श्री हरिबोध माध्यमिक विद्यालय
SHREE HARIBODH SECONDARY SCHOOL


स्वास्थ्य शाखा
विजयनगर-६, बढौर, कपिलवस्तु
विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
निःशुल्क आँखा शिविर


विजयनगर गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय
विशेषज्ञ स्वास्थ्य शिविर
उपलब्ध विशेषज्ञ सेवाहरू
जनरल फिजिसियन सेवा
महिला तथा प्रसुति रोग सेवा
छाला रोग सम्बन्धी सेवा

# स्वास्थ्य शिविर


जिवन व्यवस्थापन कार्यशाला




सामुदायिक कुकर वन्ध्याकरण शिविर







पशु स्वास्थ्य शिविर

# G2G सँगको साझेदारीमा कृषि यन्त्र उपकरण वितरण कार्यक्रम








लिफ्ट सिँचाई योजना



विद्यालयमा खानेपानी योजना




नेपाल प्रहरी र सशस्त्र प्रहरी भान्साघर निर्माण



प्रेमनगर कृषि हाटबजार निर्माण






स्वास्थ्य चौकी भवन निर्माण तथा मर्मत सम्भार

# जिज्ञासा तथा सुझाव केही भए ?

## धन्यवाद ।